# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल

०८८-४०११४६,९८५७८२६१११
it0.chaurjaharimun@gmail.com


पत्र संख्याः- २०८३/०८४
च.नं. ~~१~~ १६३

मितिः २०८३/०५/०२

**विषयः कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना !**

उपर्युक्त विषयमा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, सल्यानको मिति २०८३/०५/०२ गते प्रकाशित कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आव्हान सम्बन्धीको सूचना बमोजिम यस चौरजहारी नगरपालिकाभित्रका इच्छुक कृषि उद्यमी वा १६ देखी ४० बर्ष उमेर समूह भित्रका युवा कृषकहरूले सूचनामा उल्लेख भएका आवश्यक कागजातहरू र निवेदन सहित तोकिएको म्यादभित्र प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैका जानकारीका लागि अनुरोध छ। साथै प्रकाशित सूचना यसै साथ संलग्न राखिएको व्यहोरा समेत अनुरोध छ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

कार्यक्रम कार्यान्वयन एकाइ, सल्यान

फोन.०८८- ४००[illegible]
इमेल : pmamp.piu.salyan@gmail.com
वेब साइट:piusalyan.pmamp.gov.np

पत्र संख्या: २०८३।८४
चलानी नं:

## कार्यक्रम संचालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना।

प्रथम पटक सूचना प्रकाशित मिति:२०८३।०५।०२

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम,कार्यक्रम कार्यान्वयन एकाइ,सल्यानको चालु आ.व.२०८३।०८४ को स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिम कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन गर्नु पर्ने भएकोले " कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि २०८२" बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/समुह/फर्महरुले तपशिल बमोजिमको कार्यक्रम संचालन गर्न सकिने बालि/बस्तुहरुको लागि आवश्यक कागजात सहित मिति २०८३।०५।२२ गते भित्र कार्यालयमा उक्त कार्यविधिको अनुसुचि -१ अनुसारको ढाँचामा आवेदन तथा अनुसुचि-२ अनुसारको कार्यक्रम संचालन सम्बन्धि प्रस्ताव दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपशिल

| कार्यक्रमको नाम | लक्षित लाभग्राही | संचालन हुने क्षेत्र | अनुदान रकम |
|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | कृषि उद्यमी वा १६ देखी ४० बर्ष उमेर समुह भित्रका युवा कृषक, | जोन लागु भएको जिल्ला (सल्यान र रुकुम पश्चिम) | प्रस्तावको कुल लागतको बढिमा ५० प्रतिशत वा चार लाख रुपैया मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने। |

<u>कार्यक्रम संचालन गर्न सकिने बालि/बस्तुहरु:</u>

१ तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारिकरण,
२ तरकारीको विउ बेर्ना उत्पादन,प्रशोधन तथा भण्डारण,
३ दुग्धजन्य बस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पि उत्पादन, भण्डारण तथा निर्यात,
४ च्याउ विउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण,
५ मासु जन्य पदार्थको भण्डारण,प्रशोधन र बजारीकरण,
६ अदुवा/बेसार र मसला बालिको प्रशोधन र बजारिकरण,
७ मौरीपालन व्यवसाय र मह प्रशोधन र बजारीकरण,
८ जौ,फापर, सिलाम, कोदो, चिनो, कागुनो लगायत रैथाने बालिको उत्पादन, प्रशोधन तथा बजारीकरण,
९ प्राङ्गारिक, गड्यौले मल वा जैविक मल उत्पादन तथा बजारिकरण,
१० बागवानी नर्सरी स्थापना तथा विकास, टिस्युकल्चर प्रविधिबाट बिरुवा उत्पादन गर्ने व्यवसाय,
११ फलफुल प्रशोधन र बजारिकरण,
१२ खाद्यान्नको विउ उत्पादन तथा प्रशोधन,
१३ ग्रिन हाउसभित्र उत्पादन गरिने बालिहरुको उत्पादन, प्रशोधन र भण्डारण,
१४ साना तथा मझौला खालका कोल्ड च्याम्वर स्थापना तथा संचालन,
१५ घाँसबाट हे (Hay), साइलेज (Silage) तथा हेलेज(Haylage) उत्पादनव्यवसाय,
१६ प्राङ्गारिक कृषि बस्तु निर्यात (ब्रान्डीङ र प्याकेजिङ)
१७ व्यवसायिक पशुपन्छी, मत्स्यपालन,उत्पादन र प्रशोधन,
१८ जैविक विषादि,प्राङ्गारिक विषादि, वनस्पतिजन्य विषादि उत्पादन, प्रशोधन तथा बजारिकरण,

अनिल कुमार कालु लनिया
वरिष्ठ कृषि अधिकृत

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ, सल्यान

फोन:०८८ ४००२२७
इमेल : pmamp.piu.salyan@gmail.com
वेव साइट:piusalyan.pmamp.gov.np

पत्र संख्या: २०८३।८४
चलानी नं:

**निबेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु:**

१ कार्यक्रम संचालन सम्बन्धि निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

२ नागरिकताको प्रतिलिपि

३ कार्यक्रम संचालनका लागी आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा कम्तिमा ५ वर्ष वा प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माण तथा कम्तिमा १० वर्षका लागी गरिएको सम्झौता पत्रको प्रतिलिपि)

४ उद्यम वा ब्यवसाय दर्ता भएमा सम्बन्धित कार्यक्रम कार्यान्वयन एकाइमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.ब. सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धि अन्य कागजातहरु।

५ स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि।

६ कृषक समुह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समुह/सहकारी संस्थाको सिफारिस पत्र ।

पुनश्च:१ आवेदन फारामको लागि कार्यक्रम कार्यान्वयन एकाइ, सल्यान, प्राविधिक ईकाई, चौरजहारी र सम्पर्क कार्यालय सेरिगाउँ रुकुम (पश्चिम) मा सम्पर्क गर्नुहुन अनुरोध छ। साथै आवेदन फारम यस कार्यालयको आधिकारिक वेवसाइट piusalyan.pmamp.gov.np बाट पनि डाउनलोड गर्न सकिने छ।

२ गत आ.व.हरुमा सोहि प्रकृतिका अनुदान प्राप्त गरेका उद्यमी/व्यवसायी/फर्म/सहकारीहरुलाई कार्यक्रममा सहभागी गराइने छैन। र युवा कृषक वा उद्यमीलाई प्राथमिकतामा राखि कार्यक्रम संचालन गरिनेछ।

**सम्पर्क ठेगाना**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम,कार्यक्रम कार्यान्वयन एकाइ,सल्यान
फोन नं ०८८४००२२७/९८५७८२२०६२
प्राविधिक जोन एकाइ,चौरजहारी रुकुम पश्चिम फोन नं- ०८८४०१२०
सम्पर्क कार्यालय सेरिगाउँ, रुकुम पश्चिम फोन नं-०८८५९४५५०

2023/8/2

अनिल कुमार कानु बनिया
वरिष्ठ कृषि अधिकृत